# प्रेस विज्ञप्ति- २२७

# Press Release-227

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मिति: २०७५।०६।१६ गते।

## २९५ किलो अवैध लागु औषध गाँजा (चिप्पड) र ईन्धन बोक्ने ट्याङ्कर सहित १ जना मानिस पक्राउ।

मकवानपुर जिल्लामा लागू औषध गाँजाको कारोबार भईरहेको छ भन्ने विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो काठमाण्डौंबाट प्रहरी अधिकृत सहितको टोली खटिई गई खोजतलास गर्ने क्रममा **मिति २०७५।०६।१६ गते बिहान ०५:०० बजेको** समयमा जिल्ला मकवानपुर मनहरी गाँउपालिका वडा नं. ७ रमनटार स्थित लोकमार्गमा चितवनबाट हेटौडा तर्फ आउदै गरेको **ना ४ ख ३९६९ नं को** ईन्धन बोक्ने ट्याङ्करलाई रोकी चेकजाँच गर्ने क्रममा उक्त ट्याङ्करमा रहेका ५ वटा चेम्बर मध्य २ वटा चेम्बरहरुमा प्लाष्टिकले बाँधी **२२ वटा पोका बनाई लुकाई छिपाई भारत तर्फ लैजान लागिएको तयारी लागू औषध गाँजा (चिप्पड) २९५ किलो** सहित जिल्ला बारा जितपुर सिमरा उप महानगरपालिका वडा नं २२ अम्लेखगंज घर भएका उक्त **ट्याङ्कर चालक बर्ष ३८ को प्रल्हाद ठकुरीलाई** पक्राउ गरिएको छ ।

बरामद गरिएको अवैध लागू औषध गाँजा चितवन तथा मकवानपुर जिल्लाका विभिन्न स्थानहरुमा उत्पादन भई संकलन गरी भारत तर्फ ओसार-पसार हुन लागेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

बरामद गरिएको लागू औषध गाँजाको अबैध बजार मुल्य अन्दाजी ४५ लाख बराबर पर्नजाने बुझिएको छ। पक्रउ प्रतिवादी उपर जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट थप अनुसन्धान भैरहेको छ।

**पुनश्च:** मिति २०७५।०१।०१ गते यस व्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला मकवानपुर थाहा नगरपालीका वडा नं.११ ठेगाना भएका वर्ष २२ को सोम बहादुर थोकर र ऐ.जिल्ला कैलाश गाँउ पालिका वडा नं. २ ठेगाना भएका वर्ष ३६ को ईमान सिंह स्याङ्बोलाई **ना.४ ख. ५३६८ नं.को ईन्धन बोक्ने ट्यांकर** भित्र जम्मा **१६० किलो लागु औषध गाँजा (चिप्पड)** सहित उक्त तेल ट्यांकर र २ जना मानिसहरुलाई पक्राउ गरिएको थियो।

•••


लागू औषध नियन्त्रण ब्यूरो
काठमाण्डौ
Narcotics Control Bureau


नेपाल आयल निगम
CH.NO(5)4000.Lit
CH.NO(4)4000.Lit
CH.NO(3)4000.Lit
CH.NO(2)4000.Lit
CH.NO(1)4000.Lit
TOOL BOX














Fuel Tanker used in Cannabis Trafficking